# सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि२०८२ ,

## पाख्रीबास नगरपालिका

पाख्रीबास धनकुटा ,

कोशी प्रदेशनेपाल ,

**सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२**

**पाखीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/२७**

मिति २०८२/०१/२७ गते पाखीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भएको सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ प्रमाणित गर्दछु ।

**प्रमाणिकरण मितिः २०८२/०१/२७**

..............................................

नामः ज्ञान बहादुर गुरूङ

पदः नगर प्रमुख

पाखीबास नगरपालिका

नगरकार्यपालिका कार्यालय पाखीबास धनकुटा

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/२७

# सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि पाखीबास नगरपालिका अन्तर्गतका उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ उच्च शिक्षा प्रदान गर्दै शिक्षाको माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्दै यस नगरपालिका भित्र सञ्चालित सामुदायिक क्याम्पसको शैक्षिक व्यवस्थापनमा टेवा पुर्याउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप अर्को व्यवस्था नभएसम्मका लागि नगर कार्यपालिकाले नगरपालिका भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई अनुदान उपलब्ध गराउन ***सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२*** लागू गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भः

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम "सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि पाखीबास नगरपालिका भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई मात्र लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले पाखीबास नगरपालिकाको क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले पाखीबास नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगर सभा" भन्नाले पाखीबास नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(घ) "नगर कार्यपालिका" भन्नाले पाखीबास नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले पाखीबास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "उप-प्रमुख" भन्नाले पाखीबास नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "क्याम्पस" भन्नाले पाखीबास नगरपालिका भित्र सञ्चालित सामुदायिक क्याम्पसलाई सम्झनु पर्दछ ।

(ज) "सामुदायिक क्याम्पस" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा आर्जन नगर्ने, प्रकृतिको नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र प्रदेश सरकारबाट अनुदान पाउने गरी विभिन्न विश्वविद्यालयहरुबाट अनुमति वा स्वीकृति प्राप्त क्याम्पस सम्झनु पर्दछ ।

(झ) "उच्च शिक्षा" भन्नाले माध्यमिक शिक्षा कक्षा १२ उत्तीर्ण गरी लिइने शिक्षा सम्झनु पर्दछ ।

(ञ) "उप–प्राध्यापक" भन्नाले सामुदायिक क्याम्पसमा अध्यापनरत क्याम्पस सञ्चालक समितिबाट नियुक्त गरिएका उप-प्राध्यापक सम्झनु पर्दछ ।

(ट) "कर्मचारी" भन्नाले सामुदायिक क्याम्पसमा कार्यरत क्याम्पस सञ्चालक समितिबाट नियुक्त गरिएका कर्मचारी सम्झनु पर्दछ ।

(ठ) "समिति" भन्नाले क्याम्पस सञ्चालक समिति सम्झनु पर्दछ ।

(ड) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पस सञ्चालक समितिद्वारा प्रशासनिक कामकाज समेत गर्ने गरी नियुक्त गरिएको उप–प्राध्यापक/शिक्षक सम्झनु पर्दछ ।

## परिच्छेद–२
## अनुदानको उद्देश्य

### ३. अनुदानको उद्देश्यः

(क) क्याम्पसको भौतिक तथा शैक्षिक गुणस्तर सुधार गर्ने ।

(ख) क्याम्पसबाट प्रदान गरिने सेवालाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन सहयोग गर्ने ।

(ग) घरदैलोमै उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार तुल्याउन सहयोग गर्ने ।

(घ) क्याम्पसमा न्यून पारिश्रमिकमा कार्यरत उप–प्राध्यापकहरुलाई प्रोत्साहित गर्ने ।

## परिच्छेद–३
## अनुदान दिन सकिने क्षेत्रहरु

४. **अनुदान दिन सकिने क्षेत्रहरुः** १) यस नगरपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक अनुदान शीर्षकमा प्रदान गरिएको रकम देहाय बमोजिमका शीर्षकमा मात्र खर्च गर्न सकिनेछः

(क) शैक्षिक सुधार कार्यक्रम

(ख) शैक्षिक सामग्री व्यवस्थापन

(ग) भौतिक पूर्वाधार व्यवस्थापन

(घ) फर्निचर खरिद, निर्माण/मर्मत

(ङ) ICT सूचना प्रविधि व्यवस्थापन

(च) पाठयपुस्तक तथा सन्दर्भ सामाग्री व्यवस्थापन

(छ) सिकाई उपलब्धि स्तरोन्नति गर्न अतिरिक्त कक्षा सञ्चालन

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका वा नगर सभाबाट माथि उल्लेखित मध्ये कुनै शीर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शीर्षकमा मात्र खर्च गर्नुपर्नेछ ।

## परिच्छेद ४
## अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रक्रिया

५.(क) यस कार्यविधि बमोजिम उपलब्ध गराउने अनुदान रकम नगर कार्यपालिका तथा नगर सभाबाट निर्णय पारित गरी तोकिए बमोजिम हुनेछ ।

(ख) अनुदान रकम मध्ये चालू तर्फ ८० प्रतिशत र पुँजीगत तर्फ २० प्रतिशत रकम अनिवार्य रुपमा शैक्षिक क्षेत्र सुधार कार्यक्रममा खर्च गर्नुपर्नेछ।

(ग) अनुदान रकम एक वा बढी किस्तामा क्याम्पसको खातामा निकासा दिन सकिनेछ।

(घ) अनुदान रकम मागको लागि चालु आ.व. शुरु भएको बढीमा २ महिना भित्रमा नगरपालिकासँग सम्झौताको लागि आवेदन दिनुपर्नेछ ।

(ङ) पाख्रीबास नगरपालिका भित्र रहेका सामुदायिक क्याम्पसहरुले अनुदान रकम माग गर्नको लागि आवश्यक कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछः

१. क्यापसमा सञ्चालन हुने शैक्षिक तथा व्यवस्थापकीय कार्यक्रमहरुको क्याम्पस व्यवस्थापन समितिबाट स्वीकृत भएको प्रस्तावना,
२. भौतिक पूर्वाधार तर्फको अनुदान रकम माग गर्दा लागत अनुमान समेत स्वीकृत गराई माग गर्नुपर्ने।
३. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन/अडिट प्रतिवेदन,
४. शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक उप-प्राध्यापकको विवरण,
५. सामुदायिक क्याम्पसको विनियम बमोजिम उप-प्राध्यापकको नियुक्ति निर्णय र नियुक्ति पत्र,
६. अध्ययनरत विद्यार्थी संख्या, विगत ३ वर्षको विद्यार्थीहरुको तुलनात्मक सिकाई उपलब्धी ।
७. क्याम्पस व्यवस्थापन समितिको निर्णय प्रतिलिपी ।

६. क्याम्पसले नगरपालिकाद्वारा उपलब्ध गराएको अनुदान रकम उप-प्राध्यापकको पारिश्रमिकमा खर्च गर्नुपर्ने भएमा सो रकम सम्बन्धित उप-प्राध्यापकको बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ ।

७. नगरपालिकाले क्याम्पसलाई दिइने अनुदान रकम निकासा माग गर्दा पेश गर्नुपर्ने कागजातहरुः

७.१. व्यवस्थापन तर्फको रकम निकासा मागको लागि पेश गर्नुपर्ने कागजातहरुः

(क) व्यवस्थापन खर्चको कुन-कुन शीर्षकमा रकम खर्च भएको हो सो को प्रमाणित बिल भरपाई,

(ख) क्याम्पस व्यवस्थापन समितिबाट खर्च अनुमोदन भएको निर्णयको प्रमाणित प्रतिलिपी,

(ग) व्यवस्थापन तर्फको खर्च गर्दा कुनै मापदण्ड/कार्यविधि एवम् कानूनी प्रक्रियाको अलग्गै पालना गर्नुपर्ने ।

७.२. पूँजीगत प्रकृतिका काममा दिइएको अनुदान निकासा माग गर्दा पेश गर्नुपर्ने कागजातहरुः

(क) प्राविधिक स्टिमेट

(ख) नापी किताब/ कार्यसम्पन्न प्रतिवेदन र मूल्याङ्कन,

(ग) खरिद सम्बन्धी सम्पूर्ण कागजातहरु ।

## परिच्छेद –५

## विविध

### ८. लेखापरीक्षण सम्बन्धी व्यवस्थाः

(क) क्याम्पसलाई दिएको अनुदान रकमको लेखापरिक्षण गर्ने गराउने दायित्व सम्बन्धित सामुदायिक क्याम्पसको हुनेछ ।

(ख) अनुदानको सम्बन्धमा देखिएको बेरुजु फछ्र्यौट गर्ने गराउने दायित्व सम्बन्धित सामुदायिक क्याम्पसको हुनेछ ।

(ग) क्याम्पसलाई दिएको अनुदान रकमको लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित आर्थिक सम्बन्धी ऐन तथा नियमावली बमोजिम हुनेछ ।

### ९. अनुगमन सम्बन्धी व्यवस्थाः

(क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा नगरपालिका आफैंले अनुगमन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(ख) नगरपालिकाले दिएको अनुदान तोकिएको शर्त अनुसार खर्च गर्नु सम्बन्धित क्याम्पस सञ्चालक समिति वा क्याम्पस प्रमुखको कर्तव्य हुनेछ ।

(ग) खण्ड (ख) बमोजिम तोकिएको शर्त बमोजिम अनुदान रकम खर्च नगरेमा वा नगरपालिकाबाट भएको अनुगमन तथा मूल्यांकनको प्रतिवेदनको आधारमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाइएमा अनुदान रोक्का गर्न सक्नेछ ।

(घ) अनुदान रकमको सदुपयोग गर्ने जिम्मेवारी क्याम्पस प्रमुखको हुनेछ ।

### १०. संशोधन तथा परिमार्जनः

सामुदायिक क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिका वा नगरसभाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

### ११. बचाउ तथा खारेजीः

(क) यो कार्यविधि नगरपालिका भित्रका सामुदायिक क्याम्पसलाई दिने अनुदानको हकमा मात्र लागू हुनेछ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट संशोधन वा खारेज भएको अवस्थामा संशोधन वा खारेज हुन पूर्व भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।